मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक ३ गते सोमबार ❑ 20 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## नर्सिङ र एचए पढाउने गण्डकी सरकारको निर्णय कार्यान्वयन भएन

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

चालु आर्थिक वर्षदेखि गोरखाको आँप पीपल अस्पतालमा एचए र बागलुङको धवलागिरि अस्पतालमा स्टाफ नर्स विषयको पढाइ सुरु गर्ने गण्डकी प्रदेश सरकारको निर्णय कार्यान्वयनमा आउन सकेन ।

गत असार १६ गते प्रदेश मन्त्रिपरिषद् बैठकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)सँगको सहकार्यमा यसै वर्षदेखि ती विषयको पठनपाठन सुरु गर्ने निर्णय गरेको थियो ।

माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजालगत्तै गत साउनदेखि नै पढाइ सञ्चालन गर्नेगरी प्रदेशको स्वास्थ्य मन्त्रालय र सिटिइभिटीले आवश्यक बजेटसमेत विनियोजन गरेको थियो । स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले ढिलो प्रक्रिया सुरु हुँदा यस वर्ष नर्सिङ र एचएको पढाइ सञ्चालन गर्न नसकिएको बताउनुभयो । "दुवै अस्पतालमा भौतिक पूर्वाधारदेखि अन्य स्रोत व्यवस्थापनमा पनि हामी तयारी अवस्थामा थियौँ, तर अनुमति लिनेलगायतका प्रक्रियामा ढिलो भयौँ", उहाँले भन्नुभयो, "चिकित्सा शिक्षा आयोगमा सिट निर्धारणको प्रक्रिया भर्खर सुरु हुँदै थियो, यही बीचमा जेनजी आन्दोलन भयो, थप काम अगाडि बढ्न सकेन ।" स्वास्थ्यमन्त्री पाठकले आउँदो आवदेखि पढाइ सुरु गर्नेगरी प्राविधिक र व्यवस्थापकीय तयारीलाई तीव्रता दिइने बताउनुभयो ।

यस विषयमा सङ्घको शिक्षा मन्त्रालय, चिकित्सा शिक्षा आयोग र सिटिइभिटीसँग निरन्तर पहल गरिरहने उहाँको भनाइ छ । नर्सिङ र एचएको पढाइ सुरु गर्न चालु आवमा स्वास्थ्य मन्त्रालयले रु एक करोड बजेट विनियोजन गरेको स्वास्थ्यमन्त्री पाठकले जानकारी दिनुभयो । दुवै अस्पतालमा भौतिक पूर्वाधारदेखि र मानवसंसाधनको उपलब्धता रहेकाले पढाइ सुरु गर्न कुनै समस्या नरहेका उहाँको भनाइ छ । मन्त्रालयले धवलागिरि प्रादेशिक अस्पताललाई हालै सय शय्यामा स्तरोन्नति गरिएपछि स्टाफ नर्स पढाउने बाटो खुलेको थियो । एचए पढाउने तयारी भइरहेको गोरखाको आँप पीपल अस्पताल पनि अहिले ५० शय्यामा स्तरोन्नति गरिएको छ । स्टार्फ नर्सका लागि बागलुङ नगरपालिका-१४ स्थित 'सिटिइभिटी'को भवनमा सैद्धान्तिक विषयको पढाइ र व्यावहारिक अभ्यास धवलागिरि अस्पतालमा गर्नेगरी तयारी गरिएको थियो । गोरखाको आँपपीपल अस्पतालमा एचए पठनपाठनका लागि भने केही पूर्वाधार थप्नुपर्ने आवश्यकता रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । पालुङटार नगरपालिकाअन्तर्गत रहेको उक्त अस्पताल गत वर्ष मात्र प्रदेश सरकार मातहत ल्याइएको थियो । यी अस्पतालमा स्टाफ नर्स र एचए विषयको पढाइ सुरु भएमा स्वास्थ्य क्षेत्रमा जनशक्ति उत्पादनका दृष्टिले महत्वपूर्ण उपलब्धि हुने विश्वास लिइएको थियो । प्राविधिक विषयको पढाइ सुरु गर्ने विषयमा सिटिइभिटीको उच्च नेतृत्वसँग मुख्यमन्त्री र मन्त्रालय तहबाट भएको पटकपटकको छलफलपछि प्रदेश सरकारले उक्त निर्णय गरेको थियो । न्यून आय भएका र सीमान्तकृत समुदायका विद्यार्थीलाई प्रदेश सरकारबाट पूर्ण छात्रवृत्तिको सुविधासमेत दिनेगरी तयारी गरिएको थियो । पछिल्लो समय स्वास्थ्य क्षेत्रमा प्राविधिक विषय पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएकामा यी विषयको अध्ययनअध्यापनमा जोड दिइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । जिल्लास्तरमा नर्सिङ, स्टाफ नर्सलगायत चिकित्सा विषयको पढाइ नहुँदा ग्रामीण भेगका विद्यार्थी ठूलो रकम खर्चेर पोखरालगायत ठूला सहरमा जानुपर्ने बाध्यता छ ।

पछिल्लो समय स्वास्थ्य क्षेत्रमा प्राविधिक विषय पढ्ने विद्यार्थीको सङ्ख्या घट्दै गएको अवस्थामा यी विषयको अध्ययनअध्यापनमा जोड दिइएको स्वास्थ्यमन्त्री पाठकले बताउनुभयो । यसबाट जनशक्ति पलायनलाई रोक्न र विद्यार्थीको रोजगारीको सुनिश्चितताका लागि मद्दत पुग्ने उहाँको भनाइ छ ।

## पोखरा मुग्लिन सडक खण्ड अर्न्तगत पश्चिम खण्डमा ६१ प्रतिशत सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक



मुग्लिन-पोखरा सडक आयोजना अन्तर्गत पश्चिम खण्डमा हालसम्म करिब ६१ प्रतिशत सडक निर्माण कार्य सम्पन्न भएको छ ।

बर्षादका कारण केही महिना धिमे गतिमा निर्माण कार्य जारी रहेकोमा अब भने तिहार पछि तिव्र गतिमा काम अघि बढाउने भएको मुग्लिन-पोखरा सडक (पश्चिम खण्ड) कार्यालयका सूचना अधिकारी इञ्जिनियर अनन्त बराललले बताउनु भयो ।

आगामी एक महिनाभित्र चार लेन सडक पिच गर्ने तयारी भइरहेको उहाँले जनाउनु भयो । पोखरा-जामुने ३८.७१ किलोमिटर लम्बाइको उक्त सडक खण्डमा नाला, पुल र रिटेनिङ वाल निर्माण कार्य एकसाथ अगाडि बढाईएको सूचना अधिकारी ई.बराललले उल्लेख गर्नुभयो । "हालसम्म मुख्य सडकतर्फ बाइन्डर कोर्स ८१ प्रतिशत र वेयरिङ कोर्स १६ प्रतिशत पूरा भएको छ," उहाँले भन्नुभयो । उक्त सडक खण्डमा एक तर्फी कुल ३६.७० किलोमिटर खण्डमा प्रथम तहको कालोपत्रे कार्य सम्पन्न भएको छ भने २६.३८ किलोमिटरमा दुई तर्फी कालोपत्रे(चार लेन) कालोपत्रे सडक निर्माण सम्पन्न भएको कार्यालयले जनाएको छ । आयोजना अन्तर्गत १२ वटा पुल निर्माण गर्ने योजना रहेकोमा ११ वटा पुल निर्मामि कार्य सम्पन्न भएको र १ सय ५ वटा कल्भर्ट पुलको निर्माण कार्यसम्पन्न भएको ई.बराललले उल्लेख गर्नुभयो । पोखरा क्षेत्रका सडक, नाला र पुल निर्माणमा स्थानीय संरचना भत्किँदा प्रदान गरिने क्षतिपूर्ति रकममध्ये हालसम्म १४ करोड मध्ये ११ करोड रुपैयाँ वितरण गरिएको छ । करिब ५५० घर तथा टहरा भत्काउनु पर्नेमा कास्की र तनहुँका केही घरधनीले क्षतिपूर्ति लिन बाँकी रहेको बराललले बताउनु भयो । सेती नदीमा निर्माण भइरहेको १९० मिटर लम्बाइको एक्स्ट्राडोज केबल स्टे पुलको म्याद पनि थपिएको छ । उक्त पुलको काम आउँदो २०८३ साल वैशाख २१ गतेसम्म पूरा गर्ने लक्ष्य रहेको बराललले जानकारी दिनुभयो । मुग्लिङ-पोखरा सडक आयोजनाको यो पश्चिम खण्डको ठेक्का रकम ७ अर्ब ४० करोड ४६ लाख रुपैयाँ रहेको छ । एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगमा यो सडक स्तरोन्नति हुँदैछ । पूर्वी खण्ड अर्थात् आँबुखैरेनी-जामुने ४१ किलोमिटर क्षेत्रमा भने कार्य तीव्र गतिमा अघि बढाइएको छ ।

## प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा थप पाँच रिट दर्ता

रासस
काठमाडौं, २ कार्तिक

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्ध आज थप पाँच रिट निवेदन दर्ता भएका छन् । यसअघि ११ रिट निवेदन दर्ता भएका थिए ।

यही कात्तिक १२ गते सुनुवाइका लागि पेसी तोकिएको छ । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार प्रधानमन्त्रीको नियुक्ति बदर, संसद् विघटन बदर एवं संसद् पुनःस्थापना समेतमा उत्प्रेषण, परमादेश आदेशको माग गर्दै आजसम्म १६ रिट निवेदन दर्ता भएका छन् । दर्ता भएका निवेदनहरू संवैधानिक इजलास सुनुवाइ हुनेछ ।

गत भदौ २४ गते भएको जेनजी प्रदर्शनमा अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाटबाट क्षति भएपछि बन्दी प्रत्यक्षीकरणका निवेदन तथा अत्यावश्यक निवेदन दर्ता र सुनुवाइबाहेक सबै काम स्थगित भएको थियो । गत असोज २८ गतेदेखि रिट निवेदन दर्ता र सुनुवाइ खुलेपछि प्रतिनिधिसभा विघटनविरुद्ध रिट निवेदन आएका हुन् । रिट निवेदन पेस गर्नेहरूमा अधिवक्ता डा प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलसमेत आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खडकबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल, विपिन ढकाललगायत रहनुभएको छ । गत असोज २६ गते प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित सम्पूर्ण न्यायाधीशको पूर्ण बैठकले रिट निवेदन दर्ता एवम् सुनुवाइ गर्ने निर्णय गरेको थियो ।

हार्दिक मंगलमय शुभकामना

शुभ दीपावली-२०८२ र नेपाल सम्वत ११४६ को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकवर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फेवा प्रकाशन प्रा.लि., पोखरा
पोखरापत्र दैनिक परिवार

अबको अंक तिहारपछि मात्र प्रकाशित हुनेछ ।

दीपावली सतर्कतापूर्वक मनाऔं ।

दीपावलीको समयमाः
मैनबत्ती, दियो तथा विद्युतीय बत्ती प्रयोग गर्दा आगजनी हुन सक्छ,
त्यसबाट बच्नः
◆ दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
◆ बालबालिकाले भेट्ने गरी दियो, मैनबत्तीलगायतका प्रज्वलनशील पदार्थ नराखौं,
◆ पर्दा वा झ्याल ढोकाको नजिकै तथा काठका फर्निचरमाथि दियो तथा मैनबत्ती नबालौ,
◆ मैनबत्ती, दियो बालिसकेपछी ननिभेसम्म निगरानी गरौं,
◆ धेरै विद्युतीय उपकरण प्रयोगका कारण विद्युत सट भई आगो लाग्न सक्ने हुँदा कम प्रयोग गरौं,
◆ एक्सटेन्सन प्लगको क्षमताअनुसार मात्र बत्तीको प्रयोग गरौ,
◆ पटाका तथा अन्य प्रज्वलनशील बस्तुको प्रयोग नगरौं।
आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## संकट परेको अवस्थामा एकजुट हुनुपर्छः पूर्वउपसभापति श्रेष्ठ




रासस
काठमाडौं, २ कार्तिक

नेपाली कांग्रेसका पूर्वउपसभापति गोपालमान श्रेष्ठले राष्ट्र र राष्ट्रियतामाथि सङ्कट परेको अवस्थामा पार्टीगत हीत तथा पार्टीभित्रका गुटउपगुटबाट माथि उठेर एकजुट हुनुपर्ने बताउनुभएको छ ।

ललितपुरमा आइतबार पत्रकार सम्मेलन गर्दै पूर्वउपसभापति श्रेष्ठले दलभन्दा माथि उठेर राष्ट्रिय एकताका लागि नेपाली कांग्रेसको नेतृत्वले समस्या समाधानको पहल गर्नुपर्नेमा जोड दिनुभयो । राजनीतिक दल लोकतन्त्रका वाहक भएको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलको विकल्प नभएको बताउनुभयो ।

कांग्रेसमा शेरबहादुर देउवाले नेतृत्व हस्तान्तरण गरे पनि अरूले त्यस्तो अग्रसरता देखाउन नसकेको पूर्वउपसभापति श्रेष्ठको भनाइ थियो । विगतका आठ राजनीतिक दल मात्रै हैन, अब नयाँ राजनीतिक दललाई पनि

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रधानमन्त्रीद्वारा सात दललाई निर्वाचनमा छलफल गर्न पत्राचार

रासस
काठमाडौं, २ कार्तिक

प्रधानमन्त्री सुशीला कार्कीले विघटित प्रतिनिधिसभामा प्रतिनिधित्व गरेका सात राजनीतिक दललाई आगामी फागुन २१ गते निर्धारित निर्वाचनका सम्बन्धमा छलफल गर्न आमन्त्रण गर्नुभएको छ ।

प्रधानमन्त्री कार्कीले यही कात्तिक ४ गते साँझ ४:०० बजे प्रधानमन्त्री निवास बालुवाटारमा निर्वाचनका सम्बन्धमा छलफल गर्न दलहरूलाई पत्र पठाउनुभएको उहाँका प्रेस संयोजक राम रावलले जानकारी दिनुभयो ।

छलफलका लागि तत्कालीन संसद्मा मान्यता प्राप्त सात राजनीतिक दलबाट दुई जना उच्चस्तरीय प्रतिनिधि पठाउन आग्रह गरिएको छ ।

छलफलमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रतिनिधिहरूलाई बोलाइएको हो ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# स्याङ्जामा सुर्तिजन्य पदार्थ बिक्रीवितरणमा रोक

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ कार्तिक

स्याङ्जाको एक पालिकाले सुर्तिजन्य पदार्थ विक्रिवितरणमा रोक लगाएको छ । गल्याङ नगरपालिकाले सार्वजनिक स्थल सगै विद्यालय क्षेत्र वरीपरी सुर्तिजन्य पदार्थको विक्रिवितरणमा रोक लगाएको हो ।

नगरलाई लागुऔषध निरुत्सायी बनाउने उदेश्यले पहिलो प्रयासमा पालिकाले विद्यालय क्षेत्र, स्वास्थ्य संस्था, जेष्ठ नागरिक आश्रम र शिशु स्याहार केन्द्र वरीपरी सुर्तिजन्य पदार्थ विक्रिवितरणमा रोक लगाउदै सार्वजनिक सूचना जारी गरेको छ। पालिकाका प्रमुख प्रशासकीय अधिकुत भविश्वर घिमिरेले एक सूचना जारी गर्दै सुतिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐन अनुसार तोकिएको क्षेत्रमा सुर्तिजन्य पदार्थ विक्रिवितरण नगर्न र नगराउन अनुरोध गरेका छन् । विद्यालय क्षेत्र वरीपरी र स्वास्थ्य संस्था वरीपरी सुर्तिजन्य पदार्थको विक्रिवितरण हुँदा विद्यार्थीहरुमा नकरात्मक असर पर्ने बिषयलाई ख्याल गरेर सूचना जारी गरिएको प्रमुख प्रशासकीय अधिकृत घिमिरेले जानकारी दिए । गण्डकी प्रदेश सरकारको सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) सम्बन्धमा बनेको ऐन २०७६ को परिच्छेद ३ को दफा ११ को उपदफा ३ मा शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, जेष्ठ नागरिक आश्रम लगायत क्षेत्रको कम्तिमा एकसय मिटर भित्रका पसलहरु र वरीपरी सुर्तिजन्य पदार्थ विक्रिवितरण गर्न नपाईने व्यवस्था । सोही व्यवस्थालाई कार्यन्वयन गर्न पालिकाले तोकिएका क्षेत्रमा सुर्तिजन्य पदार्थ विक्रिवितरणमा रोक लगाइएको घिमिरेले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। सोही दफाको उपदफा ५ मा विद्यालय तथा विश्वविद्यालयको पोषाक लगाई सुर्तिजन्य पदार्थ खरिद गर्न जाने जुनसुकै उमेरको विद्यार्थीलाई सुर्तिजन्य पदार्थ बिक्रि वितरण गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था रहेकाले यसको कार्यन्वयन गर्न सबै नरवासीलाई घिमिरेले सूचना मार्फत अपिल गरेका छन् । नगरपालिकाले तोकेको सय मिटर क्षेत्रभित्र सुर्तिजन्य पदार्थ विक्रिवितरण गरेको पाइएमा सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐन अनुसार कारवाही हुने समेत सूचनामा उल्लेख गरिएको छ । लागुऔषध न्युनिकरण गर्न पहिलो पटक सार्वजनिक सूचना मार्फत नागरिक, उद्योगी व्यवसायी, शिक्षक, कर्मचारी, अभिभावकहरुलाई जानकारी गरेको नगर प्रमुख गुरुप्रसाद भट्टराईले बताए। पहिलो फेजमा सूचना मार्फत जानकारी गराएका छौं उनले भने,'दोस्रो फेजमा नगर प्रहरी मार्फत अनुगमन गर्नेछौं ।' शिक्षक, विद्यालय व्यवस्थापन समिति मार्फत पनि यसको अनुगमन गर्ने र आवश्यक परे कारवाही प्रक्रिया अगाडी बढाउने छौं उनले भने ।

विद्यार्थीहरुमा बढी चुरोट खाने क्रम देखिएकाले यो अभियानलाई अगाडी बढाएको नगरपालिकाले जनाएको छ । विद्यालय क्षेत्रबाटै यसको न्युनिकरणमा अगाडी बढ्दा केही हदसम्म समाधान हुने देखिएकाले नगरपालिकाले कानुनले तोकेका क्षेत्रहरुमा सुर्तिजन्य पदार्थको रोक लगाउन खोजिएको नगर प्रमुख भट्टराईले बताए । ११ ओटा पालिकाहरु मध्ये गल्याङ्ले सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्न बनेको ऐन कार्यन्वयन गर्ने पहिलो पालिका बनेको छ।



पोखरामा चहल पहल बढ्दैः
पोखरामा तिहार पर्व सूरु भएसंगै बजारमा चहल पहल बढ्न थालेको छ। तिहार पर्वलाई आवश्यक सामाग्री सहित भाईटिका मसला किन्नेदेखि तिहारको सर सामान खरिद गर्नेहरुको बजारमा भिडभाड सुरु भएको हो।
तष्विरः दीननाथ बराल/पोखरा

# पोखराका बजारमा चहल पहल बढ्दो, देउसी भैलो खेल्न सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक



तिहार पर्व सुरु भएसँगै पोखराका बजार क्षेत्रहरूमा चहल पहल ह्वात्तै बढेको छ । तिहार पर्व सुरुभएसंगै बजारमा किनमेल गर्नेहरूको भिडभाडले बजारमा चहल पहल ह्वातै बढेको व्यवसायीहरुले बताउनु हुन्छ।

महेन्द्रपुल, चिप्लेढुंगा, पृथ्वीचोक, पार्दीबिरौटा, बगर, रामबजार, छोरेपाटन, लामाचौर, न्यूरोड, नयाँबजार, सिद्धार्थचोक र पालिखेचोक लगायतका मुख्य बजार क्षेत्रहरूमा उपभोक्ताको घुइँचो लागेको छ। तिहारका लागि आवश्यक सामग्री, भाइटीका मसला, सरसामान र सजावटका वस्तु किन्नेहरूको भीडले बजार क्षेत्र गुलजार बनेको छ।

काग तिहारदेखि नै बजारमा गतिविधि बढेको छ भने पछिल्ला दिनहरूमा महेन्द्रपुल र चिप्लेढुंगामा दोहोरो पार्किङका कारण पटक-पटक सडक जाम हुने स्थिति पनि देखिएको छ । साँझपख फुटपाथ व्यापारीहरूले पसल सडकमै राख्ने भएकाले भीड अझ बढेको छ । दशैंको तुलनामा तिहारमा पोखरामा बढी चहल पहल हुने परम्परा यसपालि पनि दोहोरिएको छ । तिहार नजिकिँदै गर्दा देउसी-भैलोको माहोलले पोखरा झनै रंगिन बनेको छ । विभिन्न क्लब, आमा समूह र सामाजिक संघ-संस्थाहरूले संस्थागत देउसी-भैलो कार्यक्रम सुरु गरेका छन् । यसैबिच, जिल्ला प्रशासन कार्यालय, कास्कीले तिहार पर्व लक्षित गर्दै राति १० बजेसम्म मात्र देउसी-भैलो खेल्न अनुमति दिएको छ। साथै देउसी भैलो खेल्दा सार्वजनिक स्थानमा कसैलाई असरोध नहुने गरी सडक यातायात अबरुद्ध नहुने गरी खेल्न प्रशासनले सूचना जारी गरेको छ । तिहार पर्वको अवसरमा पटक, भुईचम्पा लगायतका बस्तुहरु बिक्रि वितरण तथा प्रयोग नगर्न कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवि शर्माले आग्रह गर्नु भएको छ। प्रशासनले जारी गरेको नियम उलंघन गरेमा कानून बमोजिम कार्वाही हुने प्रशासनले चेतावनी दिएको छ।

# तिहारका लागि मुस्ताङमा भेडाच्याङ्ग्रा बिक्री

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ कार्तिक

मुस्ताङमा तिहार पर्वका लागि भेडाच्याङ्ग्रा बिक्री गर्न थालिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार तिहारका लागि मुस्ताङ र डोल्पाबाट झण्डै एक हजार भेडाच्याङ्ग्रा बिक्री गरिएको छ।



यसअघि दसैंमा मुस्ताङसहित डोल्पा, मुगु, जुम्लालगायत स्थानबाट १६ हजार भेडाच्याङ्ग्रा बेनी-जोमसोम सडकमार्ग हुँदै बिक्रीका लागि अन्यत्र लगिएको पशु चिकित्सक लालमणि अर्यालले जानकारी दिनुभयो । दसैं तथा तिहारमा भेडाच्याङ्ग्राको माग अत्यधिक हुने गरेको उहाँले बताउनुभयो । घरपझोङ-४ जोमसोमका व्यापारी पेम्बाछिरिङ रोकायाले ८० च्याङ्ग्रा तिहारका लागि बजारमा पुर्‍याउनुभएको छ । उहाँले दसैंमा ३०० च्याङ्ग्रा बिक्रीका लागि पोखरा पुर्‍याउनुभएको थियो। मुस्ताङबाट खेदाएर बैंसी झार्दै गरेका व्यापारी रोकायले म्याग्दीको तातोपानीबाट ट्रकमा ढुवानी गरी पोखरा पुर्‍याउनुभएको हो। दसैंमा प्रतिच्याङ्ग्रामा रु पाँच हजारसम्म घाटा भएको उहाँले बताउनुभयो । तिहारका लागि खरिद गरिएको च्याङ्ग्रा खोरमा नै रु ३० हजार परेको र थोरै च्याङ्ग्रा भएकाले सहजै बिक्री हुन्छ भन्ने लागेको व्यापारी रोकायाले बताउनुभयो । मुस्ताङबाट पोखरा पुर्‍याउँदा प्रतिच्याङ्ग्राको ढुवानी खर्च रु एक हजार ५०० लाग्ने उहाँको भनाइ छ । विगत १२ वर्षदेखि निरन्तर च्याङ्ग्राको व्यापार गर्दै आउनुभएका रोकायाले च्याङ्ग्राको व्यापारमा जोखिम हुने गरेको बताउनुभयो। मुस्ताङका पाँच स्थानीय तहमा ५७ हजार बढी भेडाच्याङ्ग्रा पालन गरिएको छ । जसमध्ये २५ प्रतिशत मात्रै भेडाच्याङ्ग्रा बिक्री भएको छ । हिमाली जिल्लामा पालन गरिएका भेडाच्याङ्ग्राको मासु स्वादिलो र पोषिलो हुने भएकाले उपभोक्ताले बढी रुचाउने गर्छन्।

# पशुपालक किसानलाई आत्मनिर्भर बनाउन ८० लाख अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, २ कार्तिक

जिल्लाका पशुपालक किसानलाई आत्मनिर्भर र व्यावसायिक बनाउनका लागि प्रोत्साहन गर्न अनुदान वितरण गरिने भएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले पशु विकास तथा दूध उत्पादनमा किसानलाई प्रोत्साहन गर्न रु ८० लाख अनुदान वितरण गर्ने भएको छ।

निमित्त केन्द्र प्रमुख तथा पशु विकास अधिकृत रामकृष्ण सुवेदीका अनुसार विभिन्न छ प्रकारका कार्यक्रमका लागि उक्त अनुदान रकम उपलब्ध गराउने तयारी कार्यालयले गरिरहेको छ । आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार किसान, फार्म, कम्पनी, समूह, समिति वा सहकारी संस्थालाई उक्त अनुदान रकम उपलब्ध गराइनेछ।

बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रमअन्तर्गत गाईभैंसी, भेडा, बाख्रा, बङ्गुर, माछा र कुखुरा पालिरहेका किसान वा फार्म दुईवटालाई अधिकतम ९० प्रतिशत अनुदान दिनेगरी रु २० लाख वितरण गरिने पशु विकास अधिकृत सुवेदीले बताउनुभयो । किसान समूह, समिति वा सहकारीमार्फत प्राप्त गर्न सकिने अनुदान प्राप्त गर्नका लागि कम्तीमा ५० वटा माउ पालन गरिरहेको तथा कम्तीमा दैनिक दुई सय लिटर दूध उत्पादन गरिरहेको हुनुपर्नेछ।

यदि भेडाबाख्रा पालेको भएमा दुई सय ५० वटा, बङ्गुर पालेको भएमा ५० वटा ब्रिडर माउ वा एक सय वटा फ्याटनर बङ्गुर, ग्रामीण कुखुराको हकमा कम्तीमा पाँच सय, हाँस भए तीन सयवटा तथा माछापालन भएमा कम्तीमा २० रोपनी क्षेत्रफल र रेन्बो ट्राउटका लागि कम्तीमा एक हजार वर्गमिटर क्षेत्रफलको जलाशय हुनुपर्ने शर्त राखिएको छ। दूध उत्पादनका आधारमा प्रोत्साहन सहयोगअन्तर्गत चारपटकका लागि रु ३० लाख अनुदान उपलब्ध कार्यालयले गराउनेछ । यो अनुदानअन्तर्गत प्रतिलिटर अधिकतम रु पाँचका दरले पाइनेछ। आवेदक दुग्ध उत्पादनसँग सम्बन्धित सहकारी संस्था हुनुपर्ने, दैनिक कम्तीमा दुई सय लिटर र वार्षिक कम्तीमा दुई सय दिन दूधको कारोबार गरेको हुनुपर्ने भनिएको छ। कालीगण्डकी करिडोर केन्द्रित पशुपन्छी तथा मत्स्य उत्पादन तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत दुईवटालाई अधिकतम ९० प्रतिशत अनुदान हुनेगरी रु २० लाख दिने कार्यालयको तयारी छ । किसान समूह, समिति वा सहकारीले पाउने यो अनुदान प्राप्त गर्नका लागि गाईभैंसीको हकमा कम्तीमा ५० वटा माउपालन गरेको र कम्तीमा दैनिक दुई सय लिटर दूध उत्पादन गर्ने गरेको, भेडाबाख्राको हकमा कम्तीमा दुई सय ५० वटा पालन गरेको, बङ्गुरको हकमा कम्तीमा ५० वटा ब्रिडर माउ वा एक सय वटा फ्याटनर भएको हुनुपर्नेछ । ग्रामीण क्षेत्रमा कम्तीमा पाँच सयवटा कुखुरा पालेको, तीन सय वटा हाँस पालेको वा माछाको हकमा कम्तीमा २० रोपनी क्षेत्रफल र रेन्बो ट्राउटका लागि कम्तीमा एक हजार वर्गमिटर क्षेत्रफलको जलाशय हुनेगरी पालन गरेको भएमा पनि यो अनुदान पाउन सकिनेछ । तर यो अनुदान प्राप्त गर्नका लागि कालीगण्डकी करिडोरमा पर्ने स्थानीय तह हुनुपर्ने शर्त केन्द्रले राखेको छ।

त्यसैगरी, फार्म तथा पशुजन्य व्यवसायमा यान्त्रिकीकरण सहयोग कार्यक्रमअन्तर्गत एकपटकका लागि किसानको २५ प्रतिशत लागत साझेदारी रहनेगरी रु सात लाख अनुदान उपलब्ध हुनेछ । कृषि ऋणमा ब्याज अनुदान कार्यक्रमको निरन्तरताअन्तर्गत एकपटकका लागि ब्याजमा पाँच प्रतिशत अनुदान दिनेगरी डेढ लाख रुपैयाँ दिइनेछ। डेरी पसल, मासु पसल, बधस्थल निर्माण तथा सुधारका लागि छवटा पसललाई ५० प्रतिशत लागत साझेदारीमा रु तीन लाख लगानी केन्द्रले गर्नेछ । फार्म, समूह, समिति वा सहकारी संस्थाले यो अनुदान पाउनका लागि माछामासु तथा डेरी पसल कम्तीमा ८० वर्गफिट क्षेत्रफलमा सञ्चालन गरेको हुनुपर्ने, विगत एक वर्षदेखि माछामासु वा डेरी पसल सञ्चालन गरिरहेको हुनुपर्ने भनिएको छ।

# शङ्का लागेमा मेरो सम्पत्ति छानबिन गरियोस्: अध्यक्ष ओली



**रासस**
काठमाडौं, २ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले आफ्नोसहित शङ्का लागेका सबैको सम्पत्ति निष्पक्ष ढङ्गबाट छानबिन गर्न माग गर्नुभएको छ।

प्रेस चौतारी नेपालद्वारा सोमबार यहाँ आयोजित सम्पादकहरूसँगको संवाद कार्यक्रममा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष ओलीले आफूले एक पैसा पनि भ्रष्टाचार नगरेको र सुशासनका पक्षमा सदैव दृढ रहेको जनाउँदै सम्पत्ति छानबिनका लागि आफू तयार रहेको स्पष्ट गर्नुभयो।

उहाँले बेथिति, विकृति र भ्रष्टाचार अन्त्यसहित सुशासन र सामाजिक सञ्जाल सञ्चालनको मुद्दा उठाएर जेनजी समूहले गरेको शान्तिपूर्ण आन्दोलनमा घुसपैठ भई धनजनको क्षति भएको प्रसङ्ग उल्लेख गर्नुभयो। "म कुनै आवेग र आक्रोसमा भन्दा सत्य स्थापित होस् भन्ने चाहन्छु।

म हरेक नागरिकले सम्मानजनक जीवन बाँच्न पाउनुपर्छ र मुलुकमा समृद्धि, समानता र शान्ति कायम हुनुपर्दछ भनी देश र जनताप्रति सदैव बफादर हुँदै आएको छु । सत्यप्रतिको मूल्यमान्यताबाट कहिल्यै विचलित हुन्न", अध्यक्ष ओलीले भन्नुभयो, "सत्यको पक्ष लिँदा अहङ्कार र दम्भको भाषा बोल्यो भन्ने पर्न सक्छ।

उक्त घटनाको यथार्थ क्रमशः खुल्दै जाला, हामी जनताको शान्ति, न्याय र लोकतन्त्रका पक्षमा कसैसँग सम्झौता नगरी लागिरहने छौं।" निर्वाचनको सहज वातावरण नभएको आशङ्का गर्दै एमाले अध्यक्ष ओलीले विघटित प्रतिनिधिसभाका पुनःस्थापनाका पक्षमा आफ्नो पार्टी रहेको स्पष्ट गर्नुभयो।

## संकट ...

संवादमा समावेश गरेर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो । "अग्रजहरूलाई निषेध गरेर पनि राजनीति अगाडि बढ्न सक्दैन, सबैसँग समन्वय गरेर अगाडि बढ्नुपर्छ," उहाँले भन्नुभयो।

पूर्वउपसभापति श्रेष्ठले पार्टीमा नयाँ पुस्तालाई नेतृत्वमा स्थापित गर्न सक्दो सहयोग गर्ने बताउनुभयो।"विगतकोअसन्तुष्टिको जिम्मेवारी दलहरूले लिनुपर्छ, मुलुक र राष्ट्रियतालाई कसरी अगाडि बढाउने भन्नेमा ध्यान दिनुपर्छ," उहाँले भन्नुभयो।

उहाँले वर्तमान समस्याको समाधान राजनीतिक दलहरूभित्रबाटै समाधान गर्नुपर्छ भन्दै निषेधको राजनीति त्यागेर सहकार्य, सहअस्तित्व र संवादमार्फत अगाडि बढ्नुपर्छ भन्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

**सम्पादकीय**

# तिहार पर्वको शुभकामना !

नेपालीहरुको ठूलो चाड दीपावली (तिहार) शुरु भएको छ । नेपालमा तिहार हिन्दु मात्र होइन धेरैजसो नेपालीले मनाउने गर्दछन । तिहारमा सन्देशबाहक काग, घरको रक्षक कुकुरका साथै गाई गोरु र गोबरको पूजा गरिन्छ । पशुपंक्षी र जनावरको समेत पुजा गरेर प्रकृतिसंगको सम्बन्ध तिहार हो । धनकी देवी लक्ष्मीको पूजा गर्दा धनधान्य हुने विश्वास गरिन्छ । तिहारलाई फूलको चाड पनि भन्ने गरिन्छ । केहि पालिकाहरुले स्वदेशी फूल र मालाको प्रयोग गर्न जोड दिएका छन् । किसानका उत्पादन खेरा जान नदिन यो राम्रो उपाय हो । तिहार उज्यालोको पर्व पनि हो । पाँच दिनसम्म घर झिलिमिली पारेर उज्यालो बनाईन्छ । अहिले बजारमा जताततै उज्यालो बनाएर सबैले मनाउने चाडको रुपमा बिकास हुदै गएको छ । तिहारमा दिदीबहिनीहरुले दाजुभाइलाई सप्तरंगी टिका र माला लगाएर दिर्घायूको कामना गर्दछन् । तिहार दाजुभाइ दिदीबहिनीहरुको पुनर्मिलनको अवसर पनि हो ।

नेपालमा हिन्दुहरुले मान्ने चाड अन्यत्रको भन्दा फरक तरिकाले मनाइन्छ । मौलिक चाड तिहारको पाँच दिन घरको ढोकामा तेल हाल्ने र साझ दियो बत्ती बालेर झिलीमिली बनाउने गरिन्छ । तिहारमा साथीसँगी मिलेर देउसी भैलो खेल्ने गरिन्छ । तिहारको बेलामा देउसी भैलो खेलेर रकम संकलन गर्ने उपयुक्त मौका पनि हो । विगतमा संघसंस्था, क्लब, आमा समूह, राजनैतिक पार्टी र तिनका भातृसंस्था सबैले तिहारमा देउसी भैलो खेलेर रकम संकलन गर्ने गरेका थिए । अहिलेको विषम परिस्थितिमा सद्भाव, मेलमिलाप र सम्बन्ध सुधार गर्नुपर्छ । देउसी भैलोको मौलिक र सांस्कृतिक पक्ष हराउँदै जाने र पश्चिमा संस्कृतिको अन्धानुसरण गर्ने चलन बढेर गएको छ । चाडपर्व भनेको घरपरिवारका सबै मिलेर रमाइलो बनाउने हो । चाडपर्व हो केही हुदैन भन्ने हेलचक्र्याई गर्ने अवस्था छैन । सरकारले देउसी भैलो राति नखेलेर आग्रह गरेको छ । हालैको जेनजी आन्दोलन र त्यसपछिको विध्वंसले गर्दा शान्ति सुरक्षा कमजोर बनेको छ। प्रहरीका कार्यालय देखि ब्यारेक सम्म जलेर खरानी भएका छन। प्रहरीको मनोबल बढाउन र अपराधमा संलग्नलाई पक्राउ गरेर मात्र शान्तिपूर्ण गतिविधि गर्न सकिन्छ। लुटिएका हतियार फिर्ता र अराजक जत्थालाई पक्राउ गर्न सरकारले सक्रियता देखाउन सके

पटका पट्काउने र जुवातास खेल्नेलाई कानुनी दायराभित्र ल्याउन सकिन्छ। समाजलाई बर्वाद पार्ने काम नियन्त्रण गर्न सरकारले जारी गरेको आदेश पालना गर्नु सचेत नागरिकको कर्तव्य हो । त्यस्तै पटका, भुइँचम्पा पड्काएर आतंकित पार्ने काम शहर वजारमा बढी हुने गरेको छ । प्रहरीले अवैध रुपले ल्याईएका त्यस्ता पटका र बिस्फोटक पदार्थ समातेको यदाकदा समाचार पनि आउने गरेका छन् । तर रोकिने भन्दा भित्रिने बढी हुने गरेको भान परेको छ । त्यसवाट आगलागी हुने र शरिर नै अंगभंग हुने किसिमका गतिविधि पनि शहरी क्षेत्रमा बढ्दै गएका छन् । यसलाई नरोकेसम्म रमाइलोको बेला नरमाईलो भईरहने छ ।

तिहारकै बेला नेवार सम्प्रदायले आत्मसुद्धि गर्ने, म्ह पूजा गर्ने र नयाँ वर्ष नेपाल सम्वत् मनाउने गर्दछ । नेपाल सम्वत्को महत्व संखधर शाख्वाले काठमाडौंवासीको ऋण तिरिदिएको हुँदा उनैलाई सम्झने दिन पनि नेपाल सम्वत् हो । नेपालको आफ्नै मौलिक सम्वत् पनि तिहारकै बेलाबाट शुरु हुने हुँदा नेपाल सम्वत ११४६ को शुभकामना । तिहारलाई सबैले स्वास्थ्य सुरक्षा पालना गरेर खुशी र रमाइलोसँग मनाउन सकौं हामी हाम्रा पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा देशविदेशमा रहनु भएका सबै नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# हराएका पर्यटक र पथप्रदर्शक भेटिए

पोखरापत्र संवाददाता
म्याग्दी, २ कार्तिक

म्याग्दी र मुस्ताङ जोड्ने धवलागिरि चक्रीय पदमार्गमा हराएका पर्यटक र पथप्रदर्शक २४ घण्टापछि भेटिएका छन् ।

धवलागिरि गाउँपालिका–४ मा रहेको धवलागिरि हिमालको आधार शिविरदेखि मुस्ताङको थासाङ गाउँपालिका–१ मा पर्ने धम्पुस पिक जाने क्रममा शुक्रबार रातिदेखि हराएका एक जना नेपाली पथप्रदर्शक र एक जना जर्मनका पर्यटक शनिबार राति सम्पर्कमा आएको मुस्ताङ जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जर्मनी नागरिक ३२ वर्षीय दामिनो डेल्फाप्लो र पथप्रदर्शक नेपालका मिमा शेर्पा शनिबार राति ९:०० बजे घरपझोङ गाउँपालिका–३ स्याङमा आइपुगेका प्रहरी नायब उपरीक्षक छिरिङ किप्पा लामाले बताउनुभयो । सेभेन समिट ट्रेकिङमार्फत पदयात्रामा आएका उनीहरू रातिको समयमा बाटो बिराएर हराएको बताएका छन् । मार्फा निस्कनुपर्नेमा जङ्गलैजङ्गलको बाटो भएर स्याङमा पुगेका हुन् । उनीहरूको खोजीमा कम्पनीले हेलिकप्टर पनि परिचालन गरेको थियो ।

# श्रमदानबाट झोलुङ्गे पुल मर्मत

पोखरापत्र संवाददाता
म्याग्दी, २ कार्तिक

म्याग्दीका बेनी नगरपालिका–४ र मङ्गला गाउँपालिका–३ को सिमाना अर्जेखोलामा पर्ने झोलुङ्गे पुलको स्थानीयले श्रमदानबाट मर्मत गरेका छन् । बरङ्जाको न्यू स्टार युवा क्लबको अगुवाइमा स्थानीयले शनिबार श्रमदान गरेर पुल मर्मत गरेका हुन् ।

करिब २० वर्षअघि निर्माण भएको उक्त पुलमा बिछ्याइएको काठको फल्याक खस्नुका साथै भाचिँएपछि जीर्ण बनेको थियो । मर्मत भएपछि जोखिम मोलेर आवतजावत गर्नुपर्ने समस्या अन्त्य भएको स्थानीय बताउँछन् । स्थानीयद्वारा उपलब्ध टुनीको रुख काटेर फल्याक बनाइएको थियो । पुरानो फल्याक हटाउन र नयाँ राख्न शनिबार करिब एक सय स्थानीयले श्रमदान गरेका क्लबका अध्यक्ष गणेश केसीले जानकारी दिनुभयो । उहाँका अनुसार काठ काट्न र सामग्री खरिद गर्न रु ६६ हजार ६०० खर्च भएको छ ।

अहिले पनि स्थानीयबाट सहयोग जुट्ने क्रम जारी रहेको अध्यक्ष केसीले बताउनुभयो । करिब ३० मिटर लामो उक्त पुल मर्मतपछि अर्जेखोला, खर्क, बनाहपिङ्गे, थामडाँडा, सिङ्गा, तातोपानीलगायत क्षेत्रका बासिन्दा लाभान्वित हुने उहाँको भनाइ छ ।

सडक, यातायातको सुविधा पुग्नुअघि बरङ्जाका बासिन्दा तातोपानी र बेनी बजार आउजाउ गर्न यही झोलुङ्गे पुल हुँदै पदमार्गको प्रयोग गर्दथे । बिजुली आमा समूह, सामुदायिक वन, बि एण्ड पी क्लबलगायत स्थानीय सङ्घसंस्थाले पनि पुल मर्मतमा सहयोग गरेका क्लबका अध्यक्ष केसीले जानकारी दिनुभयो ।

# कालिका मन्दिर कोत मामलियत समितिको पदस्थापन



पोखरापत्र संवाददाता
पोखरा, २ कार्तिक

पोखराको बाटुलेचौरमा रहेको कालिका मन्दिर तथा कोत मामलियत व्यवस्थापन समितिमा चयन भएका पदाधिकारी र सदस्यको पदस्थापन गरिएको छ ।

हालै सम्पन्न समितिको छैटौं अधिवेशनबाट चयन भएका अध्यक्षमा कर्णबहादुर खड्का सहितका सदस्य तथा सल्लाहकारलाई पदस्थापन गरिएको हो । उनीहरुलाई निवर्तमान अध्यक्ष दुर्गा केसी थापा र निर्वाचन समितिका संयोजक रामबहादुर बाँनियाले पदस्थापन गराए ।

अध्यक्ष खड्काको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार बेनीबहादुर बस्नेत, हिमालय क्लवका अध्यक्ष मोहन थापा, समितिका कोषाध्यक्ष बलराम भट्टराई लगायतले सामाजिक संघ संस्थामा हुने असल नेतृत्वले संस्थाको चौतर्फी विकासमा ठुलो योगदान पुर्याउने बताए । कार्यक्रमको संचालन कालिका मन्दिरका मुल पुजारी एवं समितिका सचिव नारायणप्रसाद देवकोटाले गरेका थिए ।

अधिवेशनले खड्काको अध्यक्षतामा १३ सदस्यीय समिति चयन गरेको थियो । समितिको उपाध्यक्षमा लक्ष्मी श्रेष्ठ, सचिवमा नारायण देवकोटा, सहसचिवमा कुलबहादुर खत्री, कोषाध्यक्षमा बलराम भट्टराई र सदस्यमा जीवनारायण श्रेष्ठ, जयलाल भट्टराई, रुद्रप्रसाद तिमिल्सीना, शारदा देवकोटा, सागर देवकोटा, शरदचन्द्र देवकोटा, पार्वती तिम्सिना र पदेन सदस्यमा वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना रहेका छन् । त्यस्तै आमन्त्रित सदस्यमा रमेश अधिकारी, हरिबहादुर बाँनिया र रिता काफ्ले चयन भएको सचिव नारायणप्रसाद देवकोटाले जानकारी दिए । समितिको पदावधि ३ वर्षको छ ।

# गाउँ–गाउँमा 'भागवद् गीता' वितरण गर्दै युवाहरु



पोखरापत्र संवाददाता
स्याङ्जा, २ कार्तिक

विश्व हिन्दु युवा संघ स्याङ्जाको अगुवाईमा जिल्लाका गाउँ–गाउँमा 'श्रीमद् भागवद् गीता' वितरण गरिएको छ । पछिल्लो समय समाजमा धर्म, कर्म र ज्ञान योगमा देखिएको अभाबलाई पुरा गर्न संघमा आबद्ध युवाहरुले भागवद् गीता वितरण गर्ने अभियान नै चलाएका छन् ।

युवा वर्गमा नैतिकता हराउँदै गयो, धार्मिक मान्यताहरु मासिदै गए र ज्ञानका बारेमा चासो राख्न छाडे त्यसलाई रोक्न युवाहरुले भागवद् गीता वितरण गरेको बताए । खासगरी युवा र स्थानीयलाई नैतिकवान, धार्मिक आस्था र ज्ञान आर्जन गर्न आवश्यक छ भनेर सन्देश दिनका लागि गीता वितरण अभियान चलाएको उनीहरुको भनाई छ । भागवद् गीता वितरणको अगुवाई गरेको छन्, अर्जुनचौपारी गाउँपालिका–१ स्याङ्जाका ३० वर्षिय युवा नवराज पौडेलले । शिक्षण पेशामा आबद्ध पौडेलले एम.एस्सी.सम्मको अध्ययन गरेका छन् । बिज्ञान विषय लिएर अध्ययन गरेका पौडेलले मानिसमा धर्म संस्कृती हराएको बताउँदै धर्मसँगै संस्कृत भाषाको प्रवर्धन गर्न अभियान चलाएको सुनाए । एक लाख ११ हजार १११ गीता पुस्तक वितरण गर्ने लक्ष्य सहित झण्डै एक वर्षदेखि संचालन गरेको गीता वितरण अभियानमा हालसम्म करिब ५ हजार पुस्तक वितरण गरिएको छ । जिल्लाका ११ पालिकामध्ये अर्जुनचौपारी, भीरकोट र वालिङमा केन्द्रित पुस्तक वितरण अभियानलाई जिल्लाव्यापी बनाउने तयारी गरिएको अध्यक्ष पौडेलले बताए । आर्थिक जोहो गरेर संघले पुस्तक खरिद गरेको र केहि पुस्तक दाताबाट लिएर वितरण गर्दै आएको उनले जानकारी दिए । मानिस जति सुकै पढेको, जती सुकै उच्च पदमा र जती सकै धनी किन नहोस, आफ्नो धर्म, संस्कृति र धरातल बिर्सन हुदैन् भन्ने शिक्षा सिकाउने अभियान सार्थक बन्नेमा अध्यक्ष पौडेल बिस्वस्त छन् ।

विद्यालय र विभिन्न सार्वजनिक कार्यक्रममा पुस्तक वितरण गर्दै आएका संघमा आबद्ध युवाहरुले पछिल्लो दशकमा मानिसहरु भोगी, रोगी र पढेर पनि अज्ञानी जस्तो बन्दै गएकोमा चिन्ता जनाए । खासगरी विद्यालयस्तरमा कक्षा ८ देखि १० कक्षासम्मका विद्यार्थी र समुदायलाई प्राथमिकता दिएर पुस्तक वितरण गरेको संघले जनाएको छ । संघकै पहलमा 'एक पालिका, एक संस्कृति पुस्तकालय' अभियान समेत संचालन गरिएको छ । पुस्तक वितरणसँगै सहयोग जुटाएर भीरकोट र अर्जुनचौपारीमा पुस्तकालय स्थापना गरिएको संघले जनाएको छ । संघले वितरण गर्दै आएको भागवद् गीता पुस्तक स्थानीयले अभिरुची पूर्वक अध्ययन गर्ने गरेको उनीहरुको बुझाई छ । ध्यान पूर्वक गीता अध्ययन गरेका स्थानीयमा सकारात्मक सोचमा अभिवृद्धि हुँदै गएको संघको अनुभव छ । गीता अध्ययनसँगै युवादेखि वृद्धसम्ममा धार्मिक आस्था, स्वअनुसाशन र एकआपसमा मित्रभावको बढोत्तरी बन्दै गएको संघले दावी गरेको छ । श्रीमद् भागवद् गीता, प्रायः गीता भनेर चिनिने । गीतामा महाभारत धार्मिक कथाका राजकुमार अर्जुन र भगवान कृष्णबीचको संवाद उल्लेख गरिएको छ । उक्त संवाद महाभारतको युद्धभूमि कुरुक्षेत्रमा हुन्छ, जहाँ युद्ध सुरु हुनुभन्दा ठीक पहिले अर्जुनलाई आफ्नो नैतिक दुविधा र युद्ध लड्ने मनस्थिति हुन्छ । भगवान कृष्णले अर्जुनलाई आध्यात्मिक ज्ञान र मार्गदर्शन दिन्छन् । भगवान कृष्णले जीवन, कर्तव्य, धर्म र वास्तविकताको स्वरूपको विभिन्न पक्षहरू समेटिएका कुरा अर्जुनलाई बताउँछन् । भगवद् गीता भारतीय महाकाव्य महाभारतको एक अंश हो । जसलाई ७०० श्लोकहरूमा समेटिएको छ । गीता विश्वभरि विभिन्न भाषाहरूमा अनुवाद गरिएको छ । नेपाली भाषामा भगवद् गीता अनुवाद गर्ने संस्कृतका धेरै प्रतिष्ठित विद्वानहरूले नेपाली भाषी पाठकहरूका लागि अझ नजिक ल्याउने प्रयास गरेका छन् ।

# तरकारीखेतीबाट नौ लाख आम्दानी



पोखरापत्र संवाददाता
बागलुङ, २ कार्तिक

ढोरपाटन नगरपालिका–४ खुङ्गाकी रिममाया बुढाथोकी सात वर्षअगाडि छोराछोरी पढाउनका बागलुङ बजार झर्नुभएको थियो । गाउँबाट बजार झर्नुभएकी रिममायालाई सुरुमा घुलमिल हुन निकै गाह्रो भएको थियो । बिहान बेलुका छोराछोरीसँग बिताए पनि दिनमा एक्लै बस्नुपर्थ्यो । दिनमा केही काम गर्ने सोच बनाए पनि बजारमा काम पाइएन ।

आफू बस्ने ठाउँ वरपरका स्थानीयले व्यावसायिक तरकारीखेती गरेको देखेपछि उहाँलाई बारीमा काम गर्ने इच्छा जाग्यो । त्यसपछि जग्गा भाडामा लिएर उहाँले तरकारीखेती गर्न थाल्नुभयो । अहिले उहाँ बजारमा उत्कृष्ट महिला किसानका रूपमा परिचित हुनुहुन्छ । बागलुङ नगरपालिका–४ ओढारचौरमा बुढाथोकीले तरकारीखेती सुरु गरेको चार वर्ष भयो । बजार नजिकै तरकारी फलाउने हुँदा बिक्री नहुने समस्या छैन । उहाँको बारीमा बाह्रै महिना तरकारी फल्छन् । बुढाथोकीले तरकारीसँगै पोहोर सालदेखि च्याउखेती पनि सुरु गर्नुभएको छ ।

विसं २०७५ मा श्रीमान् र छोराछोरीसँगै बागलुङ झर्नुभएकी बुढाथोकीले बागलुङ नगरपालिका–४ मा १५ रोपनी जमिन वार्षिक रु ८३ हजार भाडा तिर्नेगरी लिजमा लिएर चारवटा च्याउ र तीनवटा टमाटरका टनेल निर्माण गर्नुभएको छ । च्याउ, टमाटर, लौका, घिरौला, बोडी, सिमी, खुर्सानी, धनियाँ, साग, भेन्टा र विभिन्न तरकारीसँगै बुढाथोकीको बारीमा मसलाजन्य अदुवा र बेसार पनि उत्पादन हुन्छ । अहिलेसम्म रु २५ लाखभन्दा बढी लगानी गरेको उहाँले बताउनुभयो । बुढाथोकीले भन्नुभयो, "सुरुमा दिन कटाउन गाह्रो भएको थियो, अहिले दिनभर बारीमा काम गर्दा कति छि" साँझ पर्छ पत्तै हुँदैन, यतिकै बस्नुभन्दा केही उद्यम गर्दा राम्रो हुन्छ भन्ने हिसाबले तरकारीखेती गर्न थालेकी थिएँ, अहिले राम्रो हुँदै गएको छ, बजार यहीँ भएको हुँदा बिक्री वितरणमा समस्या छैन, कतिपय उपभोक्ता त बारीमै आएर तरकारी किन्नुहुन्छ ।"

बुढाथोकीले तरकरीबाट रु चार लाख र च्याउबाट रु पाँच लाख गरी वार्षिक रु नौ लाख आम्दानी गर्न थालेको बताउनुभयो । तरकारीखेती गर्न थालेपछि बुढाथोकीले गरिमा कृषि फार्म दर्ता गर्नुभएको छ । मासिक तलब दिएर एक जनालाई रोजगारीसमेत दिनुभएको छ । रिममायालाई श्रीमान् कपिल र छोराछोरीले पनि समयसमयमा सघाउँछन् । बुढाथोकीले तरकारीखेती विस्तार र व्यवस्थापन गर्न समयसमयमा विभिन्न निकायबाट सहयोग पनि प्राप्त गर्नुभएको छ । उहाँले यसै वर्ष उद्यमशीलता कार्यक्रमअन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट च्याउखेतीका लागि टनेल व्यवस्थापन गर्न रु चार लाख सहयोग प्राप्त गरेको बताउनुभयो । अनुदान पाएपछि उत्पादन वृद्धि गर्न सहज भएको उहाँको भनाइ छ । तरकारीको बजार व्यवस्थापनमा समस्या नभए पनि पानीको अभाव हुँदा उत्पादनमा बढाउन समस्या भएको उहाँले सुनाउनुभयो । अघिल्लो वर्ष कृषि ज्ञान केन्द्रबाट दुईवटा टमाटर टनेल र यस वर्ष मसला बाली व्यवस्थापनका लागि प्रविधि सहयोग प्राप्त गरेको उहाँले बताउनुभयो । बागलुङ नगरपालिकाबाट समेत तीन वर्ष पहिले सहयोग प्राप्त गरेको बुढाथोकीको भनाइ छ । सिँचाइका लागि पानीको सुविधा नहुँदा समस्या भोग्नुपरेको उहाँले गुनासो पोख्नुभयो । कृषि ज्ञान केन्द्रका प्रमुख राजेश्वर सिलवालले किसानलाई प्रोत्साहन गर्न अनुदानसहित प्राविधिक सहयोग गर्दै आएको बताउनुभयो । समयसमयमा फार्ममै पुगेर परामर्शसमेत प्रदान गर्ने गरेको उहाँको भनाइ छ । बजार क्षेत्रमै राम्रो तरकारी उत्पादक किसानको छबि बनाउनुभएकी बुढाथोकीलाई आवश्यक तालिम र उपकरण पनि दिने प्रमुख सिलवालले बताउनुभयो । पछिल्लो समय बागलुङमा धेरै किसान तरकारीखेतीतर्फ आकर्षित भइरहेको उहाँ बताउनुहुन्छ । यहाँ उत्पादन भएको तरकारीले बजार नपाउने समस्या नभएको सिलवालको भनाइ छ ।

